लोक सेवा आयोगका सूचनाहरु

केन्द्रीय कार्यालय, कमलपोखरी

सूचना तथा प्रकाशन शाखा

सूचना नं.: ५८०/०८३-८४ **प्रकाशन मिति : २०८३/६/२८**

निजामती सेवाका राजपत्राङ्कित द्वितीय श्रेणी (अप्राविधिक/प्राविधिक) उपसचिव वा सो सरह र राष्ट्रिय मानव अधिकार सेवाका अधिकृत द्वितीय श्रेणीका पदको जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदका लागि निजामती सेवा ऐन, २०४९ को दफा २४ घ१क बमोजिम सम्भाव्य उम्मेदवारले लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८३/०८/०१ गते सम्ममा काठमाडौं उपत्यकाको हकमा दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर र काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका कार्यालयहरूमा दरखास्त दिनु हुन सूचना गरिन्छ। यसरी पर्न आएका दरखास्तहरू आयोगका कार्यालयहरूले दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरमा पठाउनेछन् र दरखास्त व्यवस्थापन केन्द्रले प्राप्त हुन आएका दरखास्त फारामहरूलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ। राष्ट्रिय मानव अधिकार सेवाको लागि राष्ट्रिय मानव अधिकार आयोगको बढुवा समितिको सचिवालयमा दरखास्त फाराम बुझाउनु पर्नेछ ।

<u>उम्मेदवारहरूले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरू</u>

(क) निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम तथा राष्ट्रिय मानव अधिकार सेवाको हकमा राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीहरुको सेवा, शर्त र सुविधा सम्बन्धी नियमावली, २०७२ को नियम ३३ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्नेछ।

(ख) दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) बाट आफूले पाएको सङ्केत नम्बर उल्लेख गर्नुपर्नेछ।

(ग) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ।

(घ) दरखास्तसाथ बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।

(ङ) दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ। मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको श्रेणीमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण छुट्टै पानामा खुलाई दरखास्त फाराम साथ पेश गर्नुपर्नेछ।

(च) दरखास्त फाराम पेश गर्दा आयोगको वेवसाईटमा रहेको बढुवा दरखास्त फारामसाथ संलग्न गर्नुपर्ने कागजातहरूको सूची (Check list) समेत भरी पेश गर्नुपर्नेछ।

(छ) बढुवा दरखास्त दस्तुर रु. २,०००।- (दुई हजार) उम्मेदवारको नाम र बढुवा सूचना नम्बर उल्लेख गरी दरखास्त व्यवस्थापन केन्द्रको कार्यालय कोड २१००१३५०२ र राजश्व शिर्षक नं. १४२२४ मा नेपाल सरकारको राजश्व प्लेटफर्म मार्फत दाखिला गर्नुपर्नेछ।

(ज) म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

(झ) दरखास्त फाराम लोक सेवा आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

<u>विवरण</u>

राजपत्राङ्कित द्वितीय श्रेणी (उपसचिव वा सो सरह)/अधिकृत द्वितीय श्रेणी

क्र.सं.	बढुवा सूचना नम्बर	सेवा, समूह, उपसमूह	पद संख्या
(अ)	**अप्राविधिकतर्फ**		
१.	२९/०८३-८४	परराष्ट्र	१ (एक)
२.	३०/०८३-८४	प्रशासन, सामान्य प्रशासन	१० (दश)
३.	३१/०८३-८४	प्रशासन, लेखा	९ (नौं)
४.	३२/०८३-८४	लेखापरीक्षण (निर्देशक)	३ (तीन)
(आ)	**राष्ट्रिय मानव अधिकार सेवातर्फः अधिकृत द्वितीय श्रेणी**		
१	३३/०८३-८४	राष्ट्रिय मानव अधिकार सेवा	१ (एक)
(इ)	**प्राविधिकतर्फ**		
१.	३४/०८३-८४	आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क	१ (एक)
२.	३५/०८३-८४	इञ्जिनियरिङ्ग, सिभिल, जनरल	३ (तीन)
३.	३६/०८३-८४	इञ्जिनियरिङ्ग, सिभिल, हाइवे	६ (छ)
४.	३७/०८३-८४	इञ्जिनियरिङ्ग, सिभिल, स्यानिटरी	१ (एक)
५.	३८/०८३-८४	इञ्जिनियरिङ्ग, सिभिल, बिल्डिङ्ग एण्ड आर्किटेक्ट	१ (एक)
६.	३९/०८३-८४	इञ्जिनियरिङ्ग, माइनिङ्ग इञ्जिनियरिङ्ग	१ (एक)
७.	४०/०८३-८४	इञ्जिनियरिङ्ग, मेट्रोलोजी	१ (एक)
८.	४१/०८३-८४	इञ्जिनियरिङ्ग, मेटेरियोलोजी	१ (एक)
९.	४२/०८३-८४	इञ्जिनियरिङ्ग, जियोलोजी, जनरल जियोलोजी (सि.डि. जियोलोजिष्ट/सि.डि. माइनिङ्ग जियोलोजिष्ट)	१ (एक)
१०.	४३/०८३-८४	इञ्जिनियरिङ्ग, जियोलोजी, हाइड्रोजियोलोजी	१ (एक)
११.	४४/०८३-८४	इञ्जिनियरिङ्ग, केमिष्ट्री	१ (एक)

क्र.सं.	बढुवा सूचना नम्बर	सेवा, समूह, उपसमूह	पद संख्या
१२.	४५/०८३-८४	कृषि, खाद्य पोषण तथा गुण नियन्त्रण	१ (एक)
१३.	४६/०८३-८४	वन, जनरल फरेष्ट्री	५ (पाँच)
१४.	४७/०८३-८४	वन, स्वायल एण्ड तथा वाटर कन्जरभेसन	२ (दुई)
१५.	४८/०८३-८४	वन, वोटानी	१ (एक)
१६.	४९/०८३-८४	वन, नेशनल पार्कस् एण्ड वाइल्ड लाइफ	१ (एक)
१७.	५०/०८३-८४	वन, वातावरण	२ (दुई)
१८.	५१/०८३-८४	शिक्षा, कला, छविकला	१ (एक)
१९.	५२/०८३-८४	शिक्षा, पुरातत्व, पुरातत्व	१ (एक)
२०.	५३/०८३-८४	शिक्षा, परीक्षण तथा मूल्याङ्कन, कर्मचारी परीक्षण तथा मूल्याङ्कन	१ (एक)
२१.	५४/०८३-८४	विविध, (सूचना प्रविधि निर्देशक)	५ (पाँच)

सूचना नं.: ५८१/०८३-८४ **प्रकाशन मिति : २०८३/६/२८**

निजामती सेवाका राजपत्राङ्कित द्वितीय श्रेणी (अप्राविधिक/प्राविधिक) उपसचिव वा सो सरह, स्वास्थ्य सेवाका नवौं तह तथा राष्ट्रिय मानव अधिकार सेवाका अधिकृत द्वितीय श्रेणीका पदको कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका निजामती सेवातर्फका पदहरूका लागि निजामती सेवा ऐन, २०४९ को दफा २१ र निजामती सेवा नियमावली, २०५० को नियम ७४ (२) तथा स्वास्थ्य सेवातर्फका पदहरूका लागि नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६ र नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम १५ र नियम ६९ बमोजिम २०८३ साल असार मसान्तसम्म बढुवाको लागि सम्भाव्य उम्मेदवारहरूले लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८३/०८/०१ गते सम्ममा काठमाडौं उपत्यकाको हकमा दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर, काठमाडौं तथा काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका कार्यालयहरूमा दरखास्त दिनु हुन सूचना गरिन्छ। यसरी पर्न आएका दरखास्तहरू आयोगका कार्यालयहरूले दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर, काठमाडौंमा पठाउनेछन् र दरखास्त व्यवस्थापन केन्द्रले प्राप्त हुन आएका दरखास्त फारामहरूलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ। राष्ट्रिय मानव अधिकार सेवाको लागि राष्ट्रिय मानव अधिकार आयोगको बढुवा समितिको सचिवालयमा दरखास्त फाराम बुझाउनु पर्नेछ ।

<u>उम्मेदवारहरूले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरू</u>

(क) **निजामती सेवातर्फका पदहरूको हकमा**

१. निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ।

२. निजामती सेवा ऐन, २०४९ को दफा २४क, २४ख, २४ग र २४घ अनुसारको कार्यसम्पादनको मूल्याङ्कन, जेष्ठता, भौगोलिक क्षेत्रमा काम गरेको अनुभव, शैक्षिक योग्यता र तालिमको गणना निजामती सेवा ऐन, २०४९ को दफा २४ बमोजिम हुनेछ।

३. महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रका उम्मेदवारको हकमा निजामती सेवा ऐन, २०४९ को दफा २१ को उपदफा (२) अनुसार हुनेछ।

४. निजामती सेवा नियमावली, २०५० को नियम १२३ अनुसारको सेवा अवधि भएमा सो प्रमाणित भएको हुनुपर्नेछ।

(ख) **स्वास्थ्य सेवातर्फका पदहरूको हकमा**

१. स्वास्थ्य सेवातर्फका पदहरूको हकमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २७ तथा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ६८ र ६९ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्नेछ।

२. नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ७२, ७३, र ७४ अनुसारको ज्येष्ठता, भौगोलिक क्षेत्रमा काम गरेको अनुभव, शैक्षिक योग्यता र तालिमको गणना नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २९ बमोजिम हुनेछ।

३. नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ११९ अनुसारको सेवा अवधि भएमा सो प्रमाणित भएको हुनुपर्नेछ।

(ग) **राष्ट्रिय मानव अधिकार सेवातर्फका पदहरुका हकमा**

१. राष्ट्रिय मानव अधिकार सेवाको हकमा राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीहरुको सेवा, शर्त र सुविधा सम्बन्धी नियमावली, २०७२ को नियम ३३ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्नेछ।

२. राष्ट्रिय मानव अधिकार सेवाको हकमा राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीहरुको सेवा, शर्त र सुविधा सम्बन्धी नियमावली, २०७२ को नियम ३४, ३५, ३६, ३७, ३८, ३८क र ३८ख बमोजिम कार्यसम्पादन मूल्याङ्कन, जेष्ठता, शैक्षिक योग्यता, भौगोलिक क्षेत्रमा काम गरेको अनुभव र तालिमको अङ्क गणना हुनेछ ।

(घ) दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) बाट आफूले पाएको सङ्केत नम्बर उल्लेख गर्नुपर्नेछ।

(ङ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ।

(च) दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको का.स.मू. पेश गरेको कार्यालयको नाम, हालको श्रेणीमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण छुट्टै पानामा खुलाई पेश गर्नुपर्नेछ।

(छ) दरखास्त फाराम पेश गर्दा आयोगको वेवसाईटमा रहेको बढुवा दरखास्त फारामसाथ संलग्न गर्नुपर्ने कागजातहरूको सूची (Check list) समेत भरी पेश गर्नुपर्नेछ।

(ज) दरखास्त दस्तुर रु. २,०००।- (दुई हजार) उम्मेदवारको नाम र बढुवा सूचना नम्बर उल्लेख गरी दरखास्त व्यवस्थापन केन्द्रको कार्यालय कोड २१००१३५०२ र राजश्व शिर्षक नं. १४२२४ मा नेपाल सरकारको राजश्व प्लेटफर्म मार्फत दाखिला गर्नुपर्नेछ।

(झ) म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

(ञ) दरखास्त फाराम लोक सेवा आयोगको वेवसाइट www.psc.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

<u>विवरण</u>

राजपत्राङ्कित द्वितीय श्रेणी (उपसचिव वा सो सरह)/अधिकृत द्वितीय श्रेणी

क्र.सं.	बढुवा सूचना नम्बर	सेवा, समूह, उपसमूह	पद संख्या
(अ)	**अप्राविधिकतर्फ**		
१.	५५/०८३-८४	प्रशासन, सामान्य प्रशासन	९ (नौं)

क्र.सं.	बढुवा सूचना नम्बर	सेवा, समूह, उपसमूह	पद संख्या
२.	५६/०८३-८४	प्रशासन, लेखा	१० (दश)
३.	५७/०८३-८४	लेखापरीक्षण (निर्देशक)	४ (चार)
(आ)	**प्राविधिकतर्फ**		
१.	५८/०८३-८४	आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क	१ (एक)
२.	५९/०८३-८४	इञ्जिनियरिङ्ग, सिभिल, जनरल	३ (तीन)
३.	६०/०८३-८४	इञ्जिनियरिङ्ग, सिभिल, हाइवे	६ (छ)
४.	६१/०८३-८४	इञ्जिनियरिङ्ग, सिभिल, स्यानिटरी	१ (एक)
५.	६२/०८३-८४	इञ्जिनियरिङ्ग, सिभिल, बिल्डिङ्ग एण्ड आर्किटेक्ट	२ (दुई)
६.	६३/०८३-८४	इञ्जिनियरिङ्ग, मेटेरियोलोजी	१ (एक)
७.	६४/०८३-८४	इञ्जिनियरिङ्ग, जियोलोजी, जनरल जियोलोजी (सि.डि. जियोलोजिष्ट/सि.डि. माइनिङ्ग जियोलोजिष्ट)	१ (एक)
८.	६५/०८३-८४	इञ्जिनियरिङ्ग, जियोलोजी, हाइड्रोजियोलोजी	१ (एक)
९.	६६/०८३-८४	इञ्जिनियरिङ्ग, केमिष्ट्री	१ (एक)
१०.	६७/०८३-८४	कृषि, खाद्य पोषण तथा गुण नियन्त्रण	१ (एक)
११.	६८/०८३-८४	वन, जनरल फरेष्ट्री	४ (चार)
१२.	६९/०८३-८४	वन, फरेष्ट रिसर्च	१ (एक)
१३.	७०/०८३-८४	वन, नेशनल पार्कस् एण्ड वाइल्ड लाइफ	२ (दुई)
१४.	७१/०८३-८४	वन, स्वायल एण्ड वाटर कन्जरभेसन	१ (एक)
१५.	७२/०८३-८४	वन, वोटानी	१ (एक)
१६.	७३/०८३-८४	वन, वातावरण	२ (दुई)
१७.	७४/०८३-८४	शिक्षा, कला, छविकला	१ (एक)
१८.	७५/०८३-८४	शिक्षा, पुरातत्व, पुरातत्व	२ (दुई)
१९.	७६/०८३-८४	विविध, सूचना प्रविधि निर्देशक	५ (पाँच)
(इ) राष्ट्रिय मानव अधिकार सेवातर्फः अधिकृत द्वितीय श्रेणी			
१.	७७/०८३-८४	राष्ट्रिय मानव अधिकार सेवा	१ (एक)
(ई)	**स्वास्थ्य सेवातर्फः नवौं तह**		
१.	७८/०८३-८४	कन्सल्टेण्ट जनरल फिजिसियन, स्वास्थ्य, मेडिसिन, जनरल मेडिसिन	२ (दुई)
२.	७९/०८३-८४	कन्सल्टेण्ट नेफ्रोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, नेफ्रोलोजी	२ (दुई)
३.	८०/०८३-८४	कन्सल्टेण्ट न्यूरोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, न्यूरोलोजी	२ (दुई)
४.	८१/०८३-८४	कन्सल्टेण्ट कार्डियोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, कार्डियोलोजी	२ (दुई)
५.	८२/०८३-८४	कन्सल्टेण्ट मेडिकल अंकोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, मेडिकल अंकोलोजी	१ (एक)
६.	८३/०८३-८४	फरेन्सिक मेडिकल अधिकृत, स्वास्थ्य, मेडिसिन, फरेन्सिक मेडिसिन	१ (एक)
७.	८४/०८३-८४	कन्सल्टेण्ट पल्मोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, पल्मोलोजी	१ (एक)
८.	८५/०८३-८४	कन्सल्टेण्ट सर्जन, स्वास्थ्य, सर्जरी, जनरल सर्जरी	२ (दुई)
९.	८६/०८३-८४	कन्सल्टेण्ट कार्डियोथोरासिक सर्जन, स्वास्थ्य, सर्जरी, कार्डियोथोरासिक सर्जरी	१ (एक)
१०.	८७/०८३-८४	कन्सल्टेण्ट यूरो सर्जन, स्वास्थ्य, सर्जरी, यूरो सर्जरी	२ (दुई)
११.	८८/०८३-८४	कन्सल्टेण्ट प्लाष्टिक सर्जन, स्वास्थ्य, सर्जरी, वर्न तथा प्लाष्टिक सर्जरी	२ (दुई)
१२.	८९/०८३-८४	कन्सल्टेण्ट न्यूरो सर्जन, स्वास्थ्य, सर्जरी, न्यूरो सर्जरी	१ (एक)
१३.	९०/०८३-८४	कन्सल्टेण्ट स्पाइनल सर्जन, स्वास्थ्य, सर्जरी, स्पाइनल सर्जरी	१ (एक)
१४.	९१/०८३-८४	कन्सल्टेण्ट पेडियाट्रिक सर्जन, स्वास्थ्य, सर्जरी, पेडियाट्रिक सर्जरी	१ (एक)
१५.	९२/०८३-८४	कन्सल्टेण्ट रेडियोलोजिष्ट/रेडियोडाइग्नोसिस, स्वास्थ्य, रेडियोलोजी	१ (एक)
१६.	९३/०८३-८४	कन्सल्टेण्ट रेडियोथेरापिष्ट/रेडिएसन अंकोलोजिष्ट, स्वास्थ्य, रेडिएसन अंकोलोजी/रेडियोथेरापी	२ (दुई)
१७.	९४/०८३-८४	कन्सल्टेण्ट साइक्याट्रिष्ट, स्वास्थ्य, मेडिकल साइक्याट्री	१ (एक)
१८.	९५/०८३-८४	कन्सल्टेण्ट पेडियाट्रिसियन, स्वास्थ्य, पेडियाट्रिक्स, पेडियाट्रिक्स मेडिसिन	२ (दुई)
१९.	९६/०८३-८४	कन्सल्टेण्ट निओनेटोलोजिष्ट, स्वास्थ्य, पेडियाट्रिक्स, निओनेटोलोजी	१ (एक)
२०.	९७/०८३-८४	कन्सल्टेण्ट पेडियाट्रिक्स अंकोलोजिष्ट, स्वास्थ्य, पेडियाट्रिक्स, पेडियाट्रिक अंकोलोजी	१ (एक)
२१.	९८/०८३-८४	कन्सल्टेण्ट अप्थल्मोलोजिष्ट, स्वास्थ्य, अपथल्मोलोजी	१ (एक)
२२.	९९/०८३-८४	कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट, स्वास्थ्य, एनेस्थेसियोलोजी	२ (दुई)
२३.	१००/०८३-८४	कन्सल्टेण्ट अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजिष्ट, स्वास्थ्य, अब्स्ट्रेटिक्स तथा गाइनोकोलोजी	२ (दुई)
२४.	१०१/०८३-८४	कन्सल्टेण्ट मेडिकल जनरलिष्ट, स्वास्थ्य, मेडिकल जनरलिष्ट	६ (छ)
२५.	१०२/०८३-८४	कन्सल्टेण्ट प्याथोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजी, जनरल प्याथोलोजी	१ (एक)
२६.	१०३/०८३-८४	कन्सल्टेण्ट हिष्टोप्याथोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजी, हिष्टोप्याथोलोजी	१ (एक)
२७.	१०४/०८३-८४	कन्सल्टेण्ट माइक्रोबायोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजी, माइक्रोबायोलोजी	१ (एक)
२८.	१०५/०८३-८४	कन्सल्टेण्ट बायोकेमिष्ट, स्वास्थ्य, प्याथोलोजी, बायोकेमेष्ट्री	१ (एक)
२९.	१०६/०८३-८४	अस्पताल नर्सिङ्ग प्रशासक, स्वास्थ्य, जनरल नर्सिङ्ग	२ (दुई)

क्र.सं.	बढुवा सूचना नम्बर	सेवा, समूह, उपसमूह	पद संख्या
३०.	१०७/०८३-८४	कम्युनिटी नर्सिङ्ग प्रशासक, स्वास्थ्य, क.न., प.हे.न.	१ (एक)
३१.	१०८/०८३-८४	कन्सल्टेण्ट डेन्टल सर्जन, स्वास्थ्य, डेन्टिस्ट्री, जनरल डेन्टल	१ (एक)
३२.	१०९/०८३-८४	कन्सल्टेण्ट इण्डोडोण्टिष्ट, स्वास्थ्य, डेन्टिस्ट्री, इण्डोडोण्टिष्ट	१ (एक)
३३.	११०/०८३-८४	कन्सल्टेण्ट डेन्टिष्ट, स्वास्थ्य, पेरियोडेन्टिष्ट	१ (एक)
३४.	१११/०८३-८४	कन्सल्टेण्ट प्रोस्थोडोण्टिष्ट, स्वास्थ्य, डेन्टिस्ट्री, प्रोस्थोडोण्टिष्ट	१ (एक)
३५.	११२/०८३-८४	कन्सल्टेण्ट अर्थोडोण्टिष्ट, स्वास्थ्य, डेन्टिस्ट्री, अर्थोडोण्टिष्ट	१ (एक)
३६.	११३/०८३-८४	कन्सल्टेण्ट काय चिकित्सक, स्वास्थ्य, आयुर्वेद, काय चिकित्सा	१ (एक)
३७.	११४/०८३-८४	उपप्रमुख मेडिकल ल्याव टेक्नोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे.	२ (दुई)
३८.	११५/०८३-८४	प्रमुख पोषण अधिकृत, स्वास्थ्य, हेल्थ इन्स्पेक्सन	१ (एक)
३९.	११६/०८३-८४	औषधि व्यवस्थापक, स्वास्थ्य, फार्मेसी	१ (एक)
४०.	११७/०८३-८४	कन्सल्टेण्ट योग तथा प्राकृतिक चिकित्सक, स्वास्थ्य, आयुर्वेद योग चिकित्सा	१ (एक)
४१.	११८/०८३-८४	क्लिनिकल साइकोलोजिष्ट, स्वास्थ्य, विविध, साइकोलोजी	१ (एक)

सूचना नं.: ५८२/०८३-८४ **प्रकाशन मिति : २०८३/६/२८**

निजामती सेवा र सङ्घीय संसद सेवाका द्वितीय श्रेणी (अप्राविधिक/प्राविधिक) उपसचिव वा सो सरह, स्वास्थ्य सेवाका नवौं तह तथा राष्ट्रिय मानव अधिकार सेवाका अधिकृत द्वितीय श्रेणीका पदको आ.प्र. तथा खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन

निजामती सेवा, सङ्घीय संसद सेवा, स्वास्थ्य सेवा तथा राष्ट्रिय मानव अधिकार सेवातर्फका निम्न सेवा, समूह, उपसमूह तथा श्रेणी/तहका पदहरुमा आ.प्र. तथा खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली psconline1.psc.gov.np मार्फत् आवेदन दिनुपर्नेछ।

राजपत्राङ्कित द्वितीय श्रेणी (उपसचिव वा सो सरह), स्वास्थ्य सेवाका नवौं तह

क्र.सं.	विज्ञापन नम्बर	सेवा, समूह, उपसमूह	विज्ञापनको किसिम	पुनः विज्ञापन	माग पद संख्या	जम्मा माग पद संख्या	लिखित परीक्षा कार्यक्रम समय : दिनको १:०० वजे	
(अ)	अप्राविधिकतर्फ रा.प. द्वितीय श्रेणी						प्रथम पत्र	द्वितीय पत्र
१.	१६६६०/०८३-८४	न्याय, न्याय	आ.प्र.	-	७ (सात)	७ (सात)	२०८३।८।२६ (संयुक्त)	२०८३।८।२७
२.	१६६६१/०८३-८४	न्याय, सरकारी वकिल	आ.प्र.	-	३ (तीन)	३ (तीन)		२०८३।८।२८
३.	१६६६२/०८३-८४	प्रशासन, सामान्य प्रशासन	आ.प्र.	-	६ (छ)	६ (छ)		२०८३।८।२९
४.	१६६६३/०८३-८४	प्रशासन, लेखा	आ.प्र.	-	५ (पाँच)	५ (पाँच)		२०८३।९।१
५.	१६६६४/०८३-८४	लेखापरीक्षण (निर्देशक)	आ.प्र.	-	२ (दुई)	२ (दुई)		२०८३।९।२
६.	१६६६५/०८३-८४	सङ्घीय संसद, सामान्य प्रशासन	आ.प्र.	-	१ (एक)	१ (एक)		२०८३।९।३
७.	१६६६६/०८३-८४	न्याय, न्याय	खुला	-	२ (दुई)	२ (दुई)	२०८३।९।४ (संयुक्त)	२०८३।९।५
८.	१६६६७/०८३-८४	न्याय, न्याय	मधेशी	-	१ (एक)	१ (एक)		
९.	१६६६८/०८३-८४	न्याय, सरकारी वकिल	आ.ज.	-	१ (एक)	१ (एक)		२०८३।९।६
१०.	१६६६९/०८३-८४	प्रशासन, सामान्य प्रशासन	खुला	-	१ (एक)	१ (एक)		२०८३।९।७
११.	१६६७०/०८३-८४	प्रशासन, सामान्य प्रशासन	महिला	-	१ (एक)	१ (एक)		
१२.	१६६७१/०८३-८४	प्रशासन, लेखा	खुला	-	१ (एक)	१ (एक)		२०८३।९।८
१३.	१६६७२/०८३-८४	प्रशासन, लेखा	महिला	-	१ (एक)	१ (एक)		
(आ)	राष्ट्रिय मानव अधिकार सेवातर्फः अधिकृत द्वितीय श्रेणी						लिखित परीक्षा कार्यक्रम समयः दिनको १:०० वजे	
१.	१६६७३/०८३-८४	राष्ट्रिय मानव अधिकार सेवा	आ.प्र.	-	१ (एक)	१ (एक)	२०८३।९।१०	२०८३।९।११
(इ)	प्राविधिकतर्फ रा.प. द्वितीय श्रेणी						लिखित परीक्षा कार्यक्रम समयः दिनको १:०० वजे	
१.	१७१६७/०८३-८४	आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क	खुला	-	१ (एक)	१ (एक)	२०८३।९।१२	२०८३।९।१३
२.	१७१६८/०८३-८४	इञ्जिनियरिङ्ग, सिभिल, जनरल	आ.प्र.	-	३ (तीन)	३ (तीन)	२०८३।९।१४ (संयुक्त)	२०८३।९।१५
३.	१७१६९/०८३-८४	इञ्जिनियरिङ्ग, सिभिल, जनरल	महिला	-	१ (एक)	१ (एक)		
४.	१७१७०/०८३-८४	इञ्जिनियरिङ्ग, सिभिल, हाइवे	आ.प्र.	-	३ (तीन)	३ (तीन)		२०८३।९।१६
५.	१७१७१/०८३-८४	इञ्जिनियरिङ्ग, सिभिल, हाइवे	खुला	-	१ (एक)	१ (एक)		
६.	१७१७२/०८३-८४	इञ्जिनियरिङ्ग, सिभिल, हाइवे	महिला	-	१ (एक)	१ (एक)		
७.	१७१७३/०८३-८४	इञ्जिनियरिङ्ग, सिभिल, स्यानिटरी	आ.प्र.	-	१ (एक)	१ (एक)		२०८३।९।१७
८.	१७१७४/०८३-८४	इञ्जिनियरिङ्ग, सिभिल, स्यानिटरी	खुला	-	१ (एक)	१ (एक)		
९.	१७१७५/०८३-८४	इञ्जिनियरिङ्ग, सिभिल, बिल्डिङ्ग एण्ड आर्किटेक्ट	आ.प्र.	-	१ (एक)	१ (एक)		२०८३।९।१८
१०.	१७१७६/०८३-८४	इञ्जिनियरिङ्ग, सिभिल, बिल्डिङ्ग एण्ड आर्किटेक्ट	खुला	-	१ (एक)	१ (एक)		
११.	१७१७७/०८३-८४	इञ्जिनियरिङ्ग, इले.एण्ड टेलिकम्युनिकेशन	खुला	-	१ (एक)	१ (एक)	२०८३।९।१९	२०८३।९।२०
१२.	१७१७८/०८३-८४	इञ्जिनियरिङ्ग, जियोलोजी, जनरल जियोलोजी (सि.डि. जियोलोजिष्ट/सि.डि. माइनिङ्ग जियोलोजिष्ट)	आ.प्र.	-	१ (एक)	१ (एक)	२०८३।९।२१	२०८३।९।२२
१३.	१७१७९/०८३-८४	इञ्जिनियरिङ्ग, जियोलोजी, हाइड्रोजियोलोजी	आ.प्र.	-	१ (एक)	१ (एक)	२०८३।९।२३	२०८३।९।२४

१४.	१७१८०/०८३-८४	इञ्जिनियरिङ्ग, केमिष्ट्री	आ.प्र.		१ (एक)	१ (एक)	२०८३।९।२५	२०८३।९।२६
१५.	१७१८१/०८३-८४	कृषि, खाद्य पोषण तथा गुण नियन्त्रण	आ.प्र.	-	१ (एक)	१ (एक)	२०८३।९।२७	२०८३।९।२८
१६.	१७१८२/०८३-८४	वन, जनरल फरेष्ट्री	आ.प्र.	-	३ (तीन)	३ (तीन)	२०८३।९।२९	२०८३।९।३०
१७.	१७१८३/०८३-८४	वन, जनरल फरेष्ट्री	खुला		१ (एक)	१ (एक)		
१८.	१७१८४/०८३-८४	वन, जनरल फरेष्ट्री	महिला	-	१ (एक)	१ (एक)		
१९.	१७१८५/०८३-८४	वन, स्वायल एण्ड वाटर कन्जरभेसन	आ.प्र.	-	२ (दुई)	२ (दुई)	२०८३।१०।२	२०८३।१०।३
२०.	१७१८६/०८३-८४	वन, नेशनल पार्कस् एण्ड वाइल्ड लाइफ	खुला		१ (एक)	१ (एक)	२०८३।१०।४	२०८३।१०।५
२१.	१७१८७/०८३-८४	वन, वातावरण	आ.प्र.	-	१ (एक)	१ (एक)	पछि प्रकाशन गरिनेछ	
२२.	१७१८८/०८३-८४	शिक्षा, पुरातत्व	आ.प्र.	-	१ (एक)	१ (एक)	२०८३।१०।६	२०८३।१०।७
२३.	१७१८९/०८३-८४	शिक्षा, पुरातत्व	खुला	-	१ (एक)	१ (एक)		
२४.	१७१९०/०८३-८४	शिक्षा, पस्तकालय विज्ञान	खुला	-	१ (एक)	१ (एक)	२०८३।१०।८	२०८३।१०।९
२५.	१७१९१/०८३-८४	विविध, (सूचना प्रविधि निर्देशक)	आ.प्र.	-	४ (चार)	४ (चार)	२०८३।१०।१०	२०८३।१०।११
२६.	१७१९२/०८३-८४	विविध, (सूचना प्रविधि निर्देशक)	खुला	-	१ (एक)	१ (एक)		
२७.	१७१९३/०८३-८४	विविध, (सूचना प्रविधि निर्देशक)	दलित	१ एक)	-	१ (एक)		

(ई)	**स्वास्थ्य सेवातर्फ, नवौं तह**						**लिखित परीक्षा कार्यक्रमः बिहानको ९:०० बजे**	
क्र.सं.	**विज्ञापन नम्बर**	**पद, सेवा, समूह, उपसमूह**	**विज्ञापनको किसिम**	**पुनः विज्ञापन**	**माग पद संख्या**	**जम्मा माग पद संख्या**	**प्रथम पत्र**	**द्वितीय पत्र**
१.	१७१९४/०८३-८४	कन्सल्टेण्ट जनरल फिजिसियन, स्वास्थ्य, मेडिसिन, जनरल मेडिसिन	आ.प्र.	-	२ (दुई)	२ (दुई)	२०८३।८।२९ (संयुक्त)	२०८३।९।१
२.	१७१९५/०८३-८४	कन्सल्टेण्ट जनरल फिजिसियन, स्वास्थ्य, मेडिसिन, जनरल मेडिसिन	खुला	-	१ (एक)	१ (एक)		
३.	१७१९६/०८३-८४	कन्सल्टेण्ट नेफ्रोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, नेफ्रोलोजी	आ.प्र.	-	३ (तीन)	३ (तीन)		२०८३।९।२
४.	१७१९७/०८३-८४	कन्सल्टेण्ट नेफ्रोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, नेफ्रोलोजी	खुला	-	१ (एक)	१ (एक)		
५.	१७१९८/०८३-८४	कन्सल्टेण्ट न्यूरोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, न्यूरोलोजी	आ.प्र.	-	२ (दुई)	२ (दुई)		२०८३।९।३
६.	१७१९९/०८३-८४	कन्सल्टेण्ट न्यूरोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, न्यूरोलोजी	खुला	१(एक)	१ (एक)	२ (दुई)		
७.	१७२००/०८३-८४	कन्सल्टेण्ट न्यूरोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, न्यूरोलोजी	महिला	-	१ (एक)	१ (एक)		
८.	१७२०१/०८३-८४	कन्सल्टेण्ट कार्डियोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, कार्डियोलोजी	आ.प्र.	-	३ (तीन)	३ (तीन)		२०८३।९।४
९.	१७२०२/०८३-८४	कन्सल्टेण्ट कार्डियोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, कार्डियोलोजी	खुला	१ एक)	१ (एक)	२ (दुई)		
१०.	१७२०३/०८३-८४	कन्सल्टेण्ट ट्रपिकल मेडिसिन (फिजिसियन), स्वास्थ्य, मेडिसिन, ट्रपिकल मेडिसिन	आ.प्र.	-	१ (एक)	१ (एक)		२०८३।९।५
११.	१७२०४/०८३-८४	कन्सल्टेण्ट चेष्ट डिजिज (फिजिसियन), स्वास्थ्य, मेडिसिन, चेष्ट डिजिजेज	आ.प्र.	-	१ (एक)	१ (एक)		२०८३।९।६
१२.	१७२०५/०८३-८४	कन्सल्टेण्ट चेष्ट डिजिज (फिजिसियन), स्वास्थ्य, मेडिसिन, चेष्ट डिजिजेज	खुला	१ एक)	-	१ (एक)		
१३.	१७२०६/०८३-८४	कन्सल्टेण्ट ग्याष्ट्रो इन्टेरोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, ग्याष्ट्रोइन्टेरोलोजी	आ.प्र.	-	१ (एक)	१ (एक)		२०८३।९।७
१४.	१७२०७/०८३-८४	कन्सल्टेण्ट मेडिकल अंकोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, मेडिकल अंकोलोजी	आ.प्र.	-	२ (दुई)	२ (दुई)		२०८३।९।८
१५.	१७२०८/०८३-८४	कन्सल्टेण्ट मेडिकल अंकोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, मेडिकल अंकोलोजी	आ.ज.	-	१ (एक)	१ (एक)		
१६.	१७२०९/०८३-८४	कन्सल्टेण्ट क्लिनिकल जेनेटिशिष्ट, स्वास्थ्य, मेडिसिन, क्लिनिकल जेनेटिक्स	आ.प्र.	-	१ (एक)	१ (एक)		२०८३।९।१०
१७.	१७२१०/०८३-८४	फरेन्सिक मेडिकल अधिकृत, स्वास्थ्य, मेडिसिन, फरेन्सिक मेडिसिन	आ.ज.	-	१ (एक)	१ (एक)		२०८३।९।११
१८.	१७२११/०८३-८४	कन्सल्टेण्ट सर्जन, स्वास्थ्य, सर्जरी, जनरल सर्जरी	आ.प्र.	-	२ (दुई)	२ (दुई)		२०८३।९।१२
१९.	१७२१२/०८३-८४	कन्सल्टेण्ट सर्जन, स्वास्थ्य, सर्जरी, जनरल सर्जरी	खुला	-	१ (एक)	१ (एक)		

२०.	१७२१३/०८३-८४	कन्सल्टेण्ट कार्डियोथोरासिक सर्जन, स्वास्थ्य, सर्जरी, कार्डियोथोरासिक सर्जरी	खुला	१(एक)	-	१ (एक)		२०८३।९।१३
२१.	१७२१४/०८३-८४	कन्सल्टेण्ट यूरो सर्जन, स्वास्थ्य, सर्जरी, यूरो सर्जरी	आ.प्र.	-	२ (दुई)	२ (दुई)		२०८३।९।१४
२२.	१७२१५/०८३-८४	कन्सल्टेण्ट यूरो सर्जन, स्वास्थ्य, सर्जरी, यूरो सर्जरी	खुला	-	१ (एक)	१ (एक)		
२३.	१७२१६/०८३-८४	कन्सल्टेण्ट यूरो सर्जन, स्वास्थ्य, सर्जरी, यूरो सर्जरी	मधेशी	-	१ (एक)	१ (एक)		
२४.	१७२१७/०८३-८४	कन्सल्टेण्ट प्लाष्टिक सर्जन, स्वास्थ्य, सर्जरी, वर्न तथा प्लाष्टिक सर्जरी	आ.प्र.	-	३ (तीन)	३ (तीन)		२०८३।९।१५
२५.	१७२१८/०८३-८४	कन्सल्टेण्ट प्लाष्टिक सर्जन, स्वास्थ्य, सर्जरी, वर्न तथा प्लाष्टिक सर्जरी	आ.ज.	-	१ (एक)	१ (एक)		
२६.	१७२१९/०८३-८४	कन्सल्टेण्ट न्यूरो सर्जन, स्वास्थ्य, सर्जरी, न्यूरो सर्जरी	आ.प्र.	-	१ (एक)	१ (एक)		२०८३।९।१६
२७.	१७२२०/०८३-८४	कन्सल्टेण्ट न्यूरो सर्जन, स्वास्थ्य, सर्जरी, न्यूरो सर्जरी	दलित	-	१ (एक)	१ (एक)		
२८.	१७२२१/०८३-८४	कन्सल्टेण्ट अर्थोपेडिक सर्जन, स्वास्थ्य, सर्जरी, अर्थोपेडिक सर्जरी	आ.प्र.	-	१ (एक)	१ (एक)		२०८३।९।१७
२९.	१७२२२/०८३-८४	कन्सल्टेण्ट अर्थोपेडिक सर्जन, स्वास्थ्य, सर्जरी, अर्थोपेडिक सर्जरी	महिला	-	१ (एक)	१ (एक)		
३०.	१७२२३/०८३-८४	कन्सल्टेण्ट स्पाइनल सर्जन, स्वास्थ्य, सर्जरी, स्पाइनल सर्जरी	आ.प्र.	-	१ (एक)	१ (एक)		२०८३।९।१८
३१.	१७२२४/०८३-८४	कन्सल्टेण्ट स्पाइनल सर्जन, स्वास्थ्य, सर्जरी, स्पाइनल सर्जरी	खुला	-	१ (एक)	१ (एक)		
३२.	१७२२५/०८३-८४	कन्सल्टेण्ट पेडियाट्रिक सर्जन, स्वास्थ्य, सर्जरी, पेडियाट्रिक सर्जरी	आ.प्र.	-	१ (एक)	१ (एक)		२०८३।९।१९
३३.	१७२२६/०८३-८४	कन्सल्टेण्ट पेडियाट्रिक सर्जन, स्वास्थ्य, सर्जरी, पेडियाट्रिक सर्जरी	खुला	-	१ (एक)	१ (एक)		
३४.	१७२२७/०८३-८४	कन्सल्टेण्ट किड्नी ट्रान्सप्लान्ट सर्जन, स्वास्थ्य, सर्जरी, किड्नी ट्रान्सप्लान्ट सर्जरी	आ.प्र.	-	१ (एक)	१ (एक)		२०८३।९।२०
३५.	१७२२८/०८३-८४	कन्सल्टेण्ट किड्नी ट्रान्सप्लान्ट सर्जन, स्वास्थ्य, सर्जरी, किड्नी ट्रान्सप्लान्ट सर्जरी	खुला	१(एक)	-	१ (एक)		
३६.	१७२२९/०८३-८४	कन्सल्टेण्ट रेडियोलोजिष्ट/ रेडियोडाइग्नोसिस, स्वास्थ्य, रेडियोलोजी	आ.प्र.	-	१ (एक)	१ (एक)		२०८३।९।२१
३७.	१७२३०/०८३-८४	कन्सल्टेण्ट रेडियोथेरापिष्ट/ रेडिएसन अंकोलोजिष्ट, स्वास्थ्य, रेडिएसन अंकोलोजी/ रेडियोथेरापी	आ.प्र.	-	१ (एक)	१ (एक)		२०८३।९।२२
३८.	१७२३१/०८३-८४	कन्सल्टेण्ट रेडियोथेरापिष्ट/ रेडिएसन अंकोलोजिष्ट, स्वास्थ्य, रेडिएसन अंकोलोजी/ रेडियोथेरापी	खुला	-	१ (एक)	१ (एक)		
३९.	१७२३२/०८३-८४	कन्सल्टेण्ट डर्माटोलोजिष्ट, स्वास्थ्य, डर्माटोलोजी, लेप्रोलोजी र भेनरल डिजिजेज	आ.प्र.	-	१ (एक)	१ (एक)		२०८३।९।२३
४०.	१७२३३/०८३-८४	कन्सल्टेण्ट डर्माटोलोजिष्ट, स्वास्थ्य, डर्माटोलोजी, लेप्रोलोजी र भेनरल डिजिजेज	खुला	-	१ (एक)	१ (एक)		
४१.	१७२३४/०८३-८४	कन्सल्टेण्ट साइक्याट्रिष्ट, स्वास्थ्य, साइक्याट्री	महिला	-	१ (एक)	१ (एक)		२०८३।९।२४
४२.	१७२३५/०८३-८४	कन्सल्टेण्ट पेडियाट्रिसियन, स्वास्थ्य, पेडियाट्रिक्स, पेडियाट्रिक्स मेडिसिन	आ.प्र.	-	२ (दुई)	२ (दुई)		२०८३।९।२६
४३.	१७२३६/०८३-८४	कन्सल्टेण्ट निओनेटोलोजिष्ट, स्वास्थ्य, पेडियाट्रिक्स, निओनेटोलोजी	आ.प्र.	-	१ (एक)	१ (एक)		२०८३।९।२७
४४.	१७२३७/०८३-८४	कन्सल्टेण्ट इ.एन.टी. सर्जन, स्वास्थ्य, अटोरिनोल्यारिङ्गोलोजी	आ.प्र.	-	१ (एक)	१ (एक)		२०८३।९।२८
४५.	१७२३८/०८३-८४	कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट, स्वास्थ्य, एनेस्थेसियोलोजी	आ.प्र.	-	१ (एक)	१ (एक)		२०८३।९।२९

४६.	१७२३९/०८३-८४	कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट, स्वास्थ्य, एनेस्थेसियोलोजी	खुला	-	१ (एक)	१ (एक)		
४७.	१७२४०/०८३-८४	कन्सल्टेण्ट अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजिष्ट, स्वास्थ्य, अब्स्ट्रेटिक्स तथा गाइनोकोलोजी	आ.प्र.	-	२ (दुई)	२ (दुई)		२०८३।९।३०
४८.	१७२४१/०८३-८४	कन्सल्टेण्ट अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजिष्ट, स्वास्थ्य, अब्स्ट्रेटिक्स तथा गाइनोकोलोजी	मधेशी	-	१ (एक)	१ (एक)		
४९.	१७२४२/०८३-८४	उपस्वास्थ्य प्रशासक, स्वास्थ्य, प.हे.ए.	आ.प्र.	-	१ (एक)	१ (एक)		२०८३।१०।२
५०.	१७२४३/०८३-८४	कन्सल्टेण्ट मेडिकल जनरलिष्ट, स्वास्थ्य, मेडिकल जनरलिष्ट	आ.प्र.	-	६ (छ)	६ (छ)		२०८३।१०।३
५१.	१७२४४/०८३-८४	कन्सल्टेण्ट मेडिकल जनरलिष्ट, स्वास्थ्य, मेडिकल जनरलिष्ट	खुला	-	१ (एक)	१ (एक)		
५२.	१७२४५/०८३-८४	कन्सल्टेण्ट मेडिकल जनरलिष्ट, स्वास्थ्य, मेडिकल जनरलिष्ट	महिला	-	१ (एक)	१ (एक)		
५३.	१७२४६/०८३-८४	कन्सल्टेण्ट मेडिकल जनरलिष्ट, स्वास्थ्य, मेडिकल जनरलिष्ट	अपाङ्ग	-	१ (एक)	१ (एक)		
५४.	१७२४७/०८३-८४	कन्सल्टेन्ट प्याथोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजी, जनरल प्याथोलोजी	मधेशी	-	१ (एक)	१ (एक)		२०८३।१०।४
५५.	१७२४८/०८३-८४	कन्सल्टेण्ट हिष्टोप्याथोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजी, हिष्टोप्याथोलोजी	आ.प्र.	-	१ (एक)	१ (एक)		२०८३।१०।५
५६.	१७२४९/०८३-८४	कन्सल्टेण्ट माइक्रोबायोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजी, माइक्रोबायोलोजी	आ.प्र.	-	१ (एक)	१ (एक)		२०८३।१०।६
५७.	१७२५०/०८३-८४	कन्सल्टेण्ट हेमाटोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजी, हेमाटोलोजी	आ.प्र.	-	१ (एक)	१ (एक)		२०८३।१०।७
५८.	१७२५१/०८३-८४	कन्सल्टेण्ट हेमाटोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजी, हेमाटोलोजी	खुला	१(एक)	-	१ (एक)		
५९.	१७२५२/०८३-८४	अस्पताल नर्सिङ्ग प्रशासक, स्वास्थ्य, जनरल नर्सिङ्ग	आ.प्र.	-	२ (दुई)	२ (दुई)		२०८३।१०।८
६०.	१७२५३/०८३-८४	कन्सल्टेण्ट डेन्टल सर्जन, स्वास्थ्य, डेन्टिस्ट्री, जनरल डेन्टल	आ.प्र.	-	२ (दुई)	२ (दुई)		२०८३।१०।९
६१.	१७२५४/०८३-८४	कन्सल्टेण्ट ओरल तथा मेक्जिलो फेसियल सर्जन, स्वास्थ्य, डेन्टिष्ट्री, ओरल तथा मेक्जिलो फेसियल सर्जरी	आ.प्र.	-	१ (एक)	१ (एक)		२०८३।१०।१०
६२.	१७२५५/०८३-८४	कन्सल्टेण्ट भेषज विज्ञ, स्वास्थ्य, आयुर्वेद, भेषज	आ.प्र.	-	१ (एक)	१ (एक)		२०८३।१०।११
६३.	१७२५६/०८३-८४	कन्सल्टेण्ट भेषज विज्ञ, स्वास्थ्य, आयुर्वेद, भेषज	महिला	-	१ (एक)	१ (एक)		
६४.	१७२५७/०८३-८४	उपप्रमुख माइक्रोबायोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे., माइक्रोबायोलोजी	आ.प्र.	-	१ (एक)	१ (एक)		२०८३।१०।१२
६५.	१७२५८/०८३-८४	औषधि व्यवस्थापक, स्वास्थ्य, फार्मेसी	खुला	-	१ (एक)	१ (एक)		२०८३।१०।१३
६६.	१७२५९/०८३-८४	उपस्वास्थ्य प्रशासक, स्वास्थ्य, एकिकृत चिकित्सा	आ.प्र.	-	१ (एक)	१ (एक)		२०८३।१०।१४
६७.	१७२६०/०८३-८४	उपस्वास्थ्य प्रशासक, स्वास्थ्य, एकिकृत चिकित्सा	खुला	-	१ (एक)	१ (एक)		

द्रष्टव्यः *सम्मानित सर्वोच्च अदालतबाट रिट नम्बर ०७८-WO-०६६० उपर भएको उत्प्रेषण परमादेशको आदेश बमोजिम जारी हुने सङ्घीय निजामती सेवा ऐनमा समावेशी समूहको हकमा समेत पदसंख्या निर्धारण गर्न गरिने कानूनी व्यवस्था बमोजिम हुने गरी हाललाई निजामती सेवा ऐन, २०४९ बमोजिम यो विज्ञापन सूचना प्रकाशन गरिएको छ।*

परीक्षाको किसिमः- पाठ्यक्रममा तोकिए बमोजिम लिखित, मामिला विश्लेषण तथा प्रस्तुतीकरण र अन्तर्वार्ता।

लिखित परीक्षाको माध्यम भाषाः- पाठ्यक्रममा तोकिए बमोजिम हुनेछ।

परीक्षा केन्द्रः- काठमाडौं।

दरखास्त दस्तुरः- दरखास्त दस्तुर रु.२,०००।- (दुई हजार) बुझाउनु पर्नेछ र त्यस पछिका थप प्रत्येक किसिम/समूहका लागि रु. ५००।- (पाँच सय) थप दस्तुर बुझाउनु पर्नेछ।

दरखास्त दिने अन्तिम मितिः- २०८३/०७/१७ र दोब्बर दस्तुर तिरी २०८३/०७/२४ सम्म।

उम्मेदवारको उमेरको हदः- २०८३/०७/१७ सम्म २१ वर्ष उमेर पुरा भै ४५ वर्ष ननाघेको।

☞ **बहालवाला कर्मचारीको उमेर हदः-**

- निजामती सेवाको हकमा निजामती सेवा ऐन, २०४९ को दफा १० को उपदफा (१) को खण्ड (ग) को देहाय ३ बमोजिम ।

❖ नेपाल स्वास्थ्य सेवाको हकमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ को खण्ड (ग) बमोजिम।

☞ सम्मानित सर्वोच्च अदालतको मिति २०७९/१०/२० गतेको अन्तरिम आदेश बमोजिम उक्त मुद्दाको अन्तिम टुंगो नलागे सम्मका लागि लोक सेवा आयोगले मिति २०७६/२/१५ गते विज्ञापन प्रकाशन गरी स्थानीय तहका लागि लिएको परीक्षाबाट सिफारिस भई हाल कार्यरत बहालवाला सरकारी कर्मचारीको हकमा समेत निजामती सेवाका विज्ञापित पदमा उमेर हद लाग्ने छैन। यस्ता उम्मेदवारले सो व्यहोराको निवेदन अनलाइन दरखास्त प्रणालीको अनुभव (Experience) खण्डमा अपलोड गर्नुपर्नेछ।

दरखास्त दस्तुर बुझाउने विधि र स्थानः- दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणालीमार्फत विद्युतीय माध्यमबाट सोझै वा Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको बैंक भौचर प्रिन्ट गरी तोकिएका बैंकबाट नगद समेत बुझाउन सकिनेछ।

दरखास्त दस्तुर बुझाउने अवधिः- तोकिएको परीक्षा दस्तुर वा दोब्बर दस्तुर ढिलोमा २०८३/०७/२५ गते सम्ममा बुझाई सक्नुपर्नेछ।

अपलोड गर्नुपर्ने कागजातहरूः- उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, व्यवसाय अनुमति प्रमाणपत्र लगायत सम्बन्धित विज्ञापनका लागि तोकिएका सम्पूर्ण कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा अपलोड गर्नु पर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।

अन्तर्वार्ता अधिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मितिः- लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा सूचना गरिनेछ।

पदमा रही गर्नुपर्ने कामको विवरणः- सेवा, समूह, उपसमूह सम्बन्धी।

तलबः- प्रचलित कानून बमोजिम।

सेवासम्बन्धी निकायः- सेवा, समूह, उपसमूहको प्रशासन सञ्चालन गर्न तोकिएका सम्बन्धित निकायहरू।

आवश्यक न्यूनतम योग्यता

निजामती सेवातर्फका पदका लागि आवश्यक न्यूनतम योग्यता

क) आ.प्र.को लागि

१. निजामती सेवा ऐन, २०४९ को दफा २१ को उपदफा (१) बमोजिम तोकिएको शैक्षिक योग्यता र सेवा अवधि पुरा गरेको हुनुपर्नेछ । तर महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रमा स्थायी बसोबास भएका निजामती कर्मचारीको हकमा सो सेवा अवधिमा १ वर्ष कम भए पनि हुनेछ।

२. निजामती सेवा नियमावली, २०५० को नियम ८७ बमोजिम राजपत्राङ्कित तृतीय श्रेणीको पदमा कार्यरत सम्बन्धित सेवाका निजामती कर्मचारी उम्मेदवार हुन सक्नेछन्।

राष्ट्रिय मानव अधिकार सेवातर्फ

बढुवा हुने पद भन्दा सम्बन्धित सेवाको एक श्रेणी मुनिको पदको लागि तोकिए बमोजिमको शैक्षिक योग्यता पूरा गरेको र राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीको सेवा, शर्त र सुविधासम्बन्धी नियमावली, २०७२ को नियम ३१ र ३२ बमोजिमको सेवा अवधि पूरा गरेको हुनुपर्नेछ।

(ख) खुलाको लागि

सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृतस्तरको पदमा पाँच वर्षको अनुभव प्राप्त गरेको हुनुपर्नेछ। तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुई वर्षले कम हुनेछ।

खुलातर्फका प्रत्येक पदहरुको आवश्यक न्यूनतम शैक्षिक योग्यता

अ) राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरह

१. **नेपाल न्याय सेवा, न्याय, कानून, सरकारी वकिल समूहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कानूनमा स्नातकोत्तर उपाधि प्राप्त।

२. **नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कला (आर्टस्), संस्कृत, व्यवस्थापन, वाणिज्यशास्त्र, व्यापार प्रशासन, जनप्रशासन, शिक्षा शास्त्र, कानून वा विज्ञानमा स्नातकोत्तर उत्तीर्ण।

३. **नेपाल प्रशासन सेवा, लेखा समूहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा लेखा वा वित्त विषयसहित स्नातकोत्तर तह उत्तीर्ण वा कुनै विषयमा स्नातकोत्तर तह सहित चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण।

४. **आर्थिक योजना तथा तथ्याङ्क सेवा, तथ्याङ्क समूहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्क शास्त्र वा गणित वा जनसंख्या शास्त्र वा एप्लाइड स्टाटिस्टिक्स विषय मध्ये कुनै विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण।

५. **नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह, जनरल उपसमूहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातकोत्तर उत्तीर्ण।

६. **नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह, हाइवे उपसमूहः-** मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग वा हाइवे इञ्जिनियरिङ्ग वा स्वायल मेकानिक्स एण्ड फाउन्डेसन इञ्जिनियरिङ्ग वा स्ट्रक्चरल इञ्जिनियरिङ्ग वा जियोटेक्निकल इञ्जिनियरिङ्ग वा वायो इञ्जिनियरिङ्ग वा इञ्जिनियरिङ्ग जियोलोजी वा कन्स्ट्रक्सन म्यानेजमेन्ट वा प्रोजेक्ट म्यानेजमेन्ट वा इन्टरनेशनल कन्सट्रक्सन प्रोजेक्ट म्यानेजमेन्ट वा म्यानेजमेन्ट एण्ड इम्प्लिमेन्टेशन अफ डेभलपमेन्ट प्रोजेक्ट वा कन्स्ट्रक्सन इञ्जिनियरिङ्ग एण्ड म्यानजमेन्ट वा इञ्जिनियरिङ्ग प्रोजेक्ट म्यानेजमेन्ट वा ट्रान्सपोर्ट प्लानिङ्ग वा ट्रान्सपोर्ट इकोनोमिक्स वा ट्रान्सपोर्टेशन इञ्जिनियरिङ्ग वा वृज इञ्जिनियरिङ्ग वा इनभारोन्मेन्टल इञ्जिनियरिङ्ग वा इन्फ्रास्ट्रक्चरल इञ्जिनियरिङ्ग वा ट्राफिक इञ्जिनियरिङ्ग वा रिभर इञ्जिनियरिङ्ग वा हाइड्रोलोजी इञ्जिनियरिङ्ग वा अर्थक्वेक इञ्जिनियरिङ्ग वा प्रोजेक्ट प्लानिङ्ग एण्ड डेभलपमेन्ट वा अर्वन ट्रान्सपोर्ट प्लानिङ्ग विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त।

७. **नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह, वि.एण्ड आ. उपसमूहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्चरल वा सिभिल वा बिल्डिङ्ग वा स्ट्रक्चरल वा टाउन प्लानिङ्ग वा स्ट्रक्चर वा क्वान्टिटी सर्भे वा अर्वन प्लानिङ्ग विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त।

८. **नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह, स्यानिटरी उपसमूहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग वा स्यानिटरी इञ्जिनियरिङ्ग वा पब्लिक हेल्थ इञ्जिनियरिङ्ग विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त ।

९. **नेपाल इञ्जिनियरिङ्ग सेवा, इलेक्ट्रोनिक एण्ड टेलिकम्युनिकेशन समूह,:-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातकोत्तर उपाधि भएको र आई.सी.ए.ओ. बाट मान्यता प्राप्त स्तरको एरोनटिकल रेडियो मेन्टेनेन्समा सेवा प्रवेशको भन्दा उच्च तालिम वा डिप्लोमा प्राप्त वा एरोनटिकल मेन्टेनेन्समा स्नातकोत्तर वा रेडिय इञ्जि. वा टेलिकम्युनिकेशन इञ्जिनियरिङ्ग वा इलेट्रोनिक इञ्जिनियरिङ्ग वा एयर नेभिगेशन इञ्जिनियरिङ्गमा एम.ई. वा सो सरह।

१०. **नेपाल वन सेवा, जनरल फरेष्ट्री समूहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञानमा सिल्भीकल्चर वा वन स्रोत मापन (फरेष्ट मेन्सुरेशन) वा वन स्रोत सर्भेक्षण वा भू तथा जलाधार व्यवस्थापन, वा वन्यजन्तु संरक्षण/व्यवस्थापन वा संरक्षित वन क्षेत्र व्यवस्थापन वा कृषि वन व्यवस्थापन वा वन तथा वातावरण व्यवस्थापन वा वन तथा जलवायु परिवर्तन वा प्राकृतिक स्रोत व्यवस्थापन वा जैविक विविधता विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण ।

११. **नेपाल वन सेवा, ने.पा.वा.ला समूहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञान वा वन्यजन्तु व्यवस्थापन वा वाइल्ड लाइफ इकोलोजी वा पार्कस् एण्ड रिक्रियसन वा प्राकृतिक स्रोत व्यवस्थापन विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण।

१२. **नेपाल शिक्षा सेवा, पुरातत्व समूहः-** मान्यत प्राप्त शिक्षण संस्थाबाट पुरातत्व, इतिहास, संस्कृतिमा स्नातकोत्तर उपाधि प्राप्त।

१३. **नेपाल शिक्षा सेवा, पुस्तकालय विज्ञान समूहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट पुस्तकालय विज्ञानमा स्नातकोत्तर उपाधि प्राप्त।

१४. **नेपाल विविध सेवा, (सूचना प्रविधि निर्देशक):-** मान्यत प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर साइन्समा स्नातकोत्तर वा कम्प्युटर इञ्जिनियरिङ्गमा स्नातकोत्तर वा प्रमुख विषय कम्प्युटर साइन्स लिई स्नातकोत्तर उपाधि प्राप्त।

स्वास्थ्य सेवातर्फका पदका लागि आवश्यक न्यूनतम योग्यता

(क) आ.प्र.को लागि

१. नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६ बमोजिमको सेवा अवधि पूरा गरी नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ७ मा तोकिएका आवश्यक न्यूनतम योग्यता पुगेका स्वास्थ्य सेवाका कर्मचारी हुनुपर्नेछ।

२. नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ।

३. दरखास्त दिने उम्मेदवारहरू आफ्नो सेवा, समूह सम्बन्धी व्यावसायिक परिषद्मा दर्ता भई म्याद कायम रहेको हुनुपर्नेछ।

४. राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ३८ अनुसार छात्रवृत्तिमा अध्ययन गरी कबुलियतनामा बमोजिम सेवा गरिरहेका उम्मेदवारको हकमा राष्ट्रिय चिकित्सा शिक्षा नियमावलीको नियम २२ को उपनियम (५) बमोजिमको अवधि पूरा भएको प्रमाण पेश गर्नुपर्नेछ ।

आ.प्र. तर्फका प्रत्येक पदहरूको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता

१. **कन्सल्टेण्ट जनरल फिजिसियन, स्वास्थ्य, मेडिसिन, जनरल मेडिसिनः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी जनरल वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि प्राप्त।

२. **कन्सल्टेण्ट नेफ्रोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, नेफ्रोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी नेफ्रोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि पछि नेफ्रोलोजीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह।

३. **कन्सल्टेण्ट न्यूरोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, न्यूरोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी न्यूरोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि पछि न्यूरोलोजीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह।

४. **कन्सल्टेण्ट कार्डियोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, कार्डियोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी कार्डियोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि पछि कार्डियोलोजीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह।

५. **कन्सल्टेण्ट ट्रपिकल मेडिसिन (फिजिसियन), स्वास्थ्य, मेडिसिन, ट्रपिकल मेडिसिनः- मा**न्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी ट्रपिकल मेडिसिनमा स्नातकोत्तर वा पोष्टग्राजुयट डिप्लोमा वा सो सरह।

६. **कन्सल्टेन्ट चेष्ट डिजिज (फिजिसियन), स्वास्थ्य, मेडिसिन, चेष्ट डिजिजेजः-**मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरहको उपाधि प्राप्त गरी चेष्टडिजिजेजमा स्नातकोत्तर वा चेष्टडिजिजेजमा डिप्लोमा वा सो सरह।

७. **कन्सल्टेण्ट ग्याष्ट्रो इन्टेरोलोजिष्ट, स्वास्थ्य, ग्याष्ट्रो इन्टेरोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी ग्याष्ट्रो इन्टेरोलोजीमा स्नातकोत्तर वा ग्याष्ट्रो इन्टेरोलोजीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह।

८. **कन्सल्टेन्ट मेडिकल अंकोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, मेडिकल अंकोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी मेडिकल अंकोलजीमा स्नातकोत्तर वा मेडिकल अंकोलोजीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह।

९. **कन्सल्टेण्ट क्लिनिकल जेनेटिशिष्ट, स्वास्थ्य, मेडिसिन, क्लिनिकल जेनेटिक्सः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट ईन्टरनल मेडिसिनमा स्नातकोत्तर गरी क्लिनिकल जेनेटिक विषयमा डि.एम. वा क्लिनिकल जेनेटिक विषयमा स्नातकोत्तर वा ईन्टरनल मेडिसिन विषयमा स्नातकोत्तर गरी क्लिनिकल जेनेटिक विषयमा कम्तीमा एक वर्ष निरन्तर फेलोशिप गरी नेपाल मेडिकल काउन्सिलमा क्लिनिकल जेनेटिक विषयमा विशेषज्ञता दर्ता भएको र डि.एम.को हकमा कम्तीमा दुई वर्ष, स्नातकोत्तरको र फेलोशिपको हकमा चार वर्षको क्लिनिकल जेनेटिकमा काम गरेको कार्य अनुभव भएको।

१०. **कन्सल्टेण्ट सर्जन, स्वास्थ्य, सर्जरी, जनरल सर्जरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस वा सो सरहको उपाधि प्राप्त गरी जनरल सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त।

११. **कन्सल्टेण्ट यूरो सर्जन, स्वास्थ्य, सर्जरी, यूरो सर्जरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी यूरो सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त वा जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि यूरो सर्जरीमा डिप्लोमा वा सो सरह।

१२. **कन्सल्टेण्ट प्लाष्टिक सर्जन, स्वास्थ्य, सर्जरी, वर्न तथा प्लाष्टिक सर्जरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस वा सो सरहको उपाधि प्राप्त गरी वर्न तथा प्लाष्टिक सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त वा जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि सर्जिकल प्लाष्टिक सर्जरीमा डिप्लोमा वा सो सरह।

१३. **कन्सल्टेण्ट न्यूरो सर्जन, स्वास्थ्य, सर्जरी, न्यूरो सर्जरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी न्यूरो सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त वा जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि सर्जिकल न्यूरो सर्जरीमा डिप्लोमा वा सो सरह।

१४. **कन्सल्टेण्ट अर्थोपेडिक सर्जन, स्वास्थ्य, सर्जरी, अर्थोपेडिक सर्जरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस वा सो सरहको उपाधि प्राप्त गरी अर्थोपेडिक सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त वा जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि अर्थोपेडिक सर्जरीमा डिप्लोमा वा सो सरह।

१५. **कन्सल्टेण्ट स्पाइनल सर्जन, स्वास्थ्य, सर्जरी, स्पाइनल सर्जरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थोपेडिक सर्जरी वा न्यूरो सर्जरी विषयमा स्नातकोत्तर पश्चात स्पाइनल सर्जरीमा एम.सि.एच. गरेको वा अर्थोपेडिक सर्जरी वा न्यूरो सर्जरी विषयमा स्नातकोत्तर पश्चात स्पाइनल सर्जरीमा कम्तीमा एक वर्ष निरन्तर फेलोशिप गरी नेपाल मेडिकल काउन्सिलमा स्पाइनल सर्जरी विषयमा विशेषज्ञता दर्ता भएको र स्पाइनल सर्जरीमा एम.सि.एच. गरेको हकमा कम्तीमा दुई वर्ष र फेलोशिपको हकमा चार वर्ष स्पाइनल सर्जरीमा कम गरेको कार्य अनुभव प्राप्त।

१६. **कन्सल्टेण्ट पेडियाट्रिक सर्जन, स्वास्थ्य, सर्जरी, पेडियाट्रिक्स सर्जरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस वा सो सरहको उपाधि प्राप्त गरी पेडियाट्रिक्स सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त वा जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि पेडियाट्रिक सर्जरीमा डिप्लोमा वा सो सरह।

१७. **कन्सल्टेण्ट किड्नी ट्रान्सप्लान्ट सर्जन, स्वास्थ्य, सर्जरी, किड्नी ट्रान्सप्लान्ट सर्जरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट किड्नी ट्रान्सप्लान्टबाट सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त वा एम.एस. जनरल सर्जरी उत्तीर्ण गरी ट्रान्सप्लान्ट सर्जरीमा कम्तिमा पाँच वर्षको अनुभव प्राप्त।

१८. **कन्सल्टेण्ट रेडियोलोजिष्ट/ रेडियोडाइग्नोसिस, स्वास्थ्य, रेडियोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी रेडियोलोजीमा स्नातकोत्तर वा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह।

१९. **कन्सल्टेण्ट रेडियोथेरापिष्ट/ रेडिएसन अंकोलोजिष्ट, स्वास्थ्य, रेडिएसन अंकोलोजी/ रेडियोथेरापीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडिएसन अंकोलोजी वा रेडियोथेरापीमा स्नातकोत्तर उपाधि प्राप्त।

२०. **कन्सल्टेण्ट डर्माटोलोजिष्ट, स्वास्थ्य, डर्माटोलोजी, लोप्रोलोजी र भेनरल डिजिजेजः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी डर्माटोलोजी, लोप्रोलोजी र भेनरल डिजिजेज विषयमा स्नातकोत्तर वा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह।

२१. **कन्सल्टेण्ट पेडियाट्रिसियन, स्वास्थ्य, पेडियाट्रिक्स, पेडियाट्रिक्स मेडिसिनः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस वा सो सरहको उपाधि प्राप्त गरी पेडियाट्रिक्समा स्नातकोत्तर वा पोष्टग्राजुयट डिप्लोमा वा सो सरह।

२२. **कन्सल्टेण्ट निओनेटोलोजिष्ट, स्वास्थ्य, पेडियाट्रिक, निओनेटोलोजीः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी निओनेटोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त वा पेडियाट्रिकक्समा स्नातकोत्तर उपाधि प्राप्त गरी निओनेटोलोजीमा पोष्टग्राजुयट डिप्लोमा वा सो सरह।

२३. **कन्सल्टेण्ट इ.एन.टी. सर्जन, स्वास्थ्य, अटोरिनोल्यारिङ्गोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस वा सो सरहको उपाधि प्राप्त गरी अटोरिनोल्यारिङ्गोलोजीमा स्नातकोत्तर वा पोष्टग्राजुयट डिप्लोमा वा सो सरह।

२४. **कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट, स्वास्थ्य, एनेस्थेसियोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी एनेस्थेसियोलोजीमा स्नातकोत्तर वा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह।

२५. **कन्सल्टेण्ट अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजिष्ट, स्वास्थ्य, अब्स्ट्रेटिक्स तथा गाइनोकोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी अब्स्ट्रेटिक्स तथा गाइनोकोलोजीमा स्नातकोत्तर वा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह उपाधि प्राप्त।

२६. **उपस्वास्थ्य प्रशासक, स्वास्थ्य, प.हे.एः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी जनस्वास्थ्य विषयमा स्नातकोत्तर वा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह उपाधि प्राप्त।

२७. **कन्सल्टेण्ट मेडिकल जनरलिष्ट, स्वास्थ्य, मेडिकल जनरलिष्टः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी एम.डि.जि.पि. वा सो सरहको उपाधि प्राप्त।

२८. **कन्सल्टेण्ट हिष्टोप्याथोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजी, हिष्टोप्याथोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी हिष्टोप्याथोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त वा प्याथोलोजीमा स्नातकोत्तर उपाधि पछि हिष्टोप्याथोलोजीमा डिप्लोमा वा सो सरह उपाधि प्राप्त।

२९. **कन्सल्टेण्ट माइक्रोबायोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजी, माइक्रोबायोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी माइक्रोबायोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त वा प्याथोलोजीमा स्नातकोत्तर उपाधि पछि माइक्रोबायोलोजीमा डिप्लोमा वा सो सरह।

३०. **कन्सल्टेण्ट हेमाटोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजी, हेमाटोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी हेमाटोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त वा प्याथोलोजीमा स्नातकोत्तर उपाधि पछि हेमाटोलोजीमा डिप्लोमा वा सो सरह।

३१. **अस्पताल नर्सिङ्ग प्रशासक, स्वास्थ्य, जनरल नर्सिङ्गः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा स्नातकोपाधि प्राप्त।

३२. **कन्सल्टेण्ट डेन्टल सर्जन, स्वास्थ्य, डेन्टिस्ट्री, जनरल डेन्टलः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.डि.एस. उत्तीर्ण गरी एम.डि.एस्सी वा एम.डि.एस उपाधि प्राप्त।

३३. **कन्सल्टेण्ट ओरल तथा मेक्जिलो फेसियल सर्जन, स्वास्थ्य, ओरल तथा मेक्जिलो फेसियल सर्जरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट ओरल तथा मेक्जिलो फेसियल सर्जरी विषयमा स्नातकोत्तर गरी नेपाल मेडिकल काउन्सिलमा ओरल तथा मेक्जिलो फेसियल सर्जरी विषयमा विशेषज्ञता दर्ता भएको र चार वर्षको ओरल तथा मेक्जिलो फेसियल सर्जरीमा काम गरेको कार्यानुभव भएको।

३४. **कन्सल्टेण्ट भेषज विज्ञ, स्वास्थ्य, आयुर्वेद, भेषजः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट द्रव्य गुण विज्ञान वा रस शास्त्र तथा भैषज्य-कल्पना विषयमा स्नातकोत्तर उपाधि प्राप्त।

३५. **उपप्रमुख माइक्रोबायोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे., माइक्रोबायोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल माइक्रोबायोलोजी विषयमा स्नातकोत्तर उपाधि प्राप्त।

३६. **जनस्वास्थ्य प्रशासक, स्वास्थ्य, एकिकृत चिकित्साः**- मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद तथा एलोप्याथी विषयमा स्नातक (Bachelor of Ayurvedic and Modern Medicine and Surgery) उपाधि प्राप्त गरी एम.पी.एच. वा सो सरहको स्वास्थ्य क्षेत्रको समकक्ष उपाधि प्राप्त।

(ख) खुलाको लागि

१. नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची-६ मा उल्लेखित न्यूनतम योग्यता प्राप्त गरेको र सम्बन्धित क्षेत्रको अधिकृतस्तरमा पाँच वर्ष अनुभव प्राप्त गरेको हुनुपर्नेछ। तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुई वर्षले कम हुनेछ।

२. नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ।

३. दरखास्त दिने उम्मेदवारहरू आफ्नो सेवा, समूह सम्बन्धी व्यावसायिक परिषद्मा दर्ता भई म्याद कायम रहेको हुनुपर्नेछ।

४. राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ३८ अनुसार छात्रवृत्तिमा अध्ययन गरी कबुलियतनामा बमोजिम सेवा गरिरहेका उम्मेदवारको हकमा राष्ट्रिय चिकित्सा शिक्षा नियमावलीको नियम २२ को उपनियम (५) बमोजिमको अवधि पूरा भएको प्रमाण पेश गर्नुपर्नेछ ।

खुलातर्फका प्रत्येक पदहरूको आवश्यक न्यूनतम शैक्षिक योग्यता

१. **कन्सल्टेण्ट जनरल फिजिसियन, स्वास्थ्य, मेडिसिन, जनरल मेडिसिनः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट जनरल वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि प्राप्त।

२. **कन्सल्टेण्ट नेफ्रोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, नेफ्रोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट नेफ्रोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त।

३. **कन्सल्टेण्ट न्यूरोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, न्यूरोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूरोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त।

४. **कन्सल्टेण्ट कार्डियोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, कार्डियोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कार्डियोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त।

५. **कन्सल्टेण्ट चेष्ट डिजिज (फिजिसियन), स्वास्थ्य, मेडिसिन, चेष्ट डिजिजेजः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट चेष्ट मेडिसिनमा स्नातकोत्तर उपाधि प्राप्त।

६. **कन्सल्टेण्ट मेडिकल अंकोलोजिष्ट, स्वास्थ्य, मेडिसन, मेडिकल अंकोलोजी-** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल अंकोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त।

७. **कन्सल्टेण्ट कार्डियोथोरासिक सर्जन, स्वास्थ्य, सर्जरी, कार्डियोथोरासिक सर्जरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कार्डियोथोरासिक सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त।

८. **फरेन्सिक मेडिकल अधिकृत, स्वास्थ्य, मेडिसिन, फरेन्सिक मेडिसिनः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट फरेन्सिक मेडिसिनमा स्नातकोत्तर उपाधि प्राप्त।

९. **कन्सल्टेण्ट सर्जन, स्वास्थ्य, सर्जरी, जनरल सर्जरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट जनरल सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त।

१०. **कन्सल्टेण्ट यूरो सर्जन, स्वास्थ्य, सर्जरी, यूरो सर्जरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट यूरो सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त।

११. **कन्सल्टेण्ट प्लाष्टिक सर्जन, स्वास्थ्य, सर्जरी, वर्न तथा प्लाष्टिक सर्जरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट वर्न तथा प्लाष्टिक सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त।

१२. **कन्सल्टेण्ट न्यूरो सर्जन, स्वास्थ्य, सर्जरी, न्यूरो सर्जरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूरो सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त।

१३. **कन्सल्टेण्ट अर्थोपेडिक सर्जन, स्वास्थ्य, सर्जरी, अर्थोपेडिक सर्जरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थोपेडिक सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त।

१४. **कन्सल्टेण्ट स्पाइनल सर्जन, स्वास्थ्य, सर्जरी, स्पाइनल सर्जरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थोपेडिक सर्जरी वा न्यूरो सर्जरी विषयमा स्नातकोत्तर पश्चात स्पाइनल सर्जरीमा एम.सि.एच. गरेको वा अर्थोपेडिक सर्जरी वा न्यूरो सर्जरी विषयमा स्नातकोत्तर पश्चात स्पाइनल सर्जरीमा कम्तीमा एक वर्ष निरन्तर फेलोशिप गरी नेपाल मेडिकल काउन्सिलमा स्पाइनल सर्जरी विषयमा विशेषज्ञता दर्ता भएको।

१५. **कन्सल्टेण्ट पेडियाट्रिक सर्जन, स्वास्थ्य, सर्जरी, पेडियाट्रिक्स सर्जरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट पेडियाट्रिक्स सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त।

१६. **कन्सल्टेण्ट किड्नी ट्रान्सप्लान्ट सर्जन, स्वास्थ्य, सर्जरी, किड्नी ट्रान्सप्लान्ट सर्जरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट किड्नी ट्रान्सप्लान्ट सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त वा एम.एस. जनरल सर्जरी उत्तीर्ण गरी ट्रान्सप्लान्ट सर्जरीमा कम्तिमा पाँच वर्षको अनुभव प्राप्त।

१७. **कन्सल्टेण्ट रेडियोथेरापिष्ट/ रेडिएसन अंकोलोजिष्ट, स्वास्थ्य, रेडिएसन अंकोलोजी/ रेडियोथेरापीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियसन अंकोलोजी वा रेडियोथेरापीमा स्नातकोत्तर उपाधि प्राप्त।

१८. **कन्सल्टेण्ट डर्माटोलोजिष्ट, स्वास्थ्य, डर्माटोलोजी, लोप्रोलोजी र भेनरल डिजिजेजः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट डर्माटोलोजी, लोप्रोलोजी र भेनरल डिजिजेज विषयमा स्नातकोत्तर उपाधि प्राप्त।

१९. **कन्सल्टेन्ट साइक्याष्ट्रिष्ट, स्वास्थ्य, साइक्याट्रीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट साइक्याट्रीमा स्नातकोत्तर उपाधि प्राप्त।

२०. **कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजी, एनेस्थेसियोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एनेस्थेसियोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त।

२१. **कन्सल्टेण्ट अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजिष्ट, स्वास्थ्य, अब्स्ट्रेटिक्स तथा गाइनोकोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट अब्स्ट्रेटिक्स तथा गाइनोकोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त।

२२. **कन्सल्टेण्ट मेडिकल जनरलिष्ट, स्वास्थ्य, मेडिकल जनरलिष्टः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.डि.जि.पि. उपाधि प्राप्त।

२३. **कन्सल्टेण्ट प्याथोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजी, जनरल प्याथोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी जनरल प्याथोलोजी स्नातकोत्तर उपाधि प्राप्त।

२४. **कन्सल्टेण्ट हेमाटोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजी, हेमाटोलोजीः-**मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी हेमाटोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त।

२५. **कन्सल्टेण्ट भेषज विज्ञ, स्वास्थ्य, आयुर्वेद, भेषजः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट द्रव्य गुण विज्ञान वा रस शास्त्र तथा भैषज्य-कल्पना विषयमा स्नातकोत्तर उपाधि प्राप्त।

२६. **औषधि व्यवस्थापक, स्वास्थ्य, फार्मेसीः**- मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा स्नातकोत्तर उपाधि प्राप्त।

२७. **जनस्वास्थ्य प्रशासक, स्वास्थ्य, एकिकृत चिकित्साः**- मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद तथा एलोप्याथी विषयमा स्नातक (Bachelor of Ayurvedic and Modern Medicine and Surgery) उपाधि प्राप्त गरी एम.पी.एच. वा सो सरहको स्वास्थ्य क्षेत्रको समकक्ष उपाधि प्राप्त।

सबै उम्मेदवारका लागि थप सर्त तथा निर्देशनहरू

१. दरखास्त दिन चाहने उम्मेदवारले विज्ञापनमा तोकिएका कागजातहरू दरखास्त दिने समयमा तयार गरी पेश गर्नुपर्दछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ। उल्लेखित कागजातहरू दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसकै समय दरखास्त रद्द हुन सक्नेछ।

२. दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सोही मिति भित्र सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको उपाधिको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ।

३. आयोगबाट प्रकाशित विज्ञापनको दरखास्त फाराम भर्ने म्यादभित्र विश्वविद्यालयबाट परीक्षाको नतिजा प्रकाशन भएको तर मूल प्रमाणपत्र जारी भै नसकेको अवस्थामा अध्ययन गरेको संस्थाबाट निज उम्मेदवार उत्तीर्ण भएको व्यहोरा लेखिएको पत्रसाथ उत्तीर्ण गरिसकेको (सबै वर्ष सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल समेत) का मार्कसिटहरू समेत संलग्न राखी दरखास्त फाराम पेश गर्न सकिनेछ। त्यसरी दरखास्त फाराम पेश गर्ने उम्मेदवारले दरखास्त पेश गरेको पदका लागि आवश्यक योग्यताका मूल प्रमाणपत्रहरू जारी हुनासाथ अपलोड गनुपर्नेछ।

४. नेपाल इञ्जिनियरिङ्ग सेवाको हकमा सम्बन्धित समूह तथा उपसमूहको रिक्त पदमा खुला प्रतियोगिताद्वारा पूर्ति गर्दा निजामती सेवा ऐन, २०४९ को दफा १० बमोजिम अयोग्य नभएका र नेपाल इञ्जिनियरिङ्ग सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५१ को अनुसूची-३ बमोजिमको न्यूनतम योग्यता पुगेका व्यक्तिहरु उम्मेदवार हुन सक्नेछन्। उल्लिखित योग्यताको अतिरिक्त प्रचलित कानून बमोजिम नेपाल इञ्जिनियरिङ्ग परिषद्मा नाम दर्ता भएको हुनुपर्नेछ। इञ्जिनियरिङ्ग उपाधि बाहेक अन्य शैक्षिक योग्यता तोकिएको भएमा त्यस्तो उम्मेदवारको हकमा नेपाल इञ्जिनियरिङ्ग परिषद्मा नाम दर्ता भएको हुनु पर्ने छैन।

अ) समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरुको लागि आवश्यक पर्ने थप कागजातहरु

क) **<u>आदिवासी/जनजातिका हकमाः</u>-** नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

ख) **<u>दलितका हकमाः</u>-** राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

ग) **<u>अपाङ्गका हकमाः</u>-** समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र।

घ) **<u>मधेशीका हकमाः</u>-** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराएको कागजात।

ङ) **<u>पिछडिएको क्षेत्रका हकमाः</u>-** निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा ९,७०, सङ्घीय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा १७ को उपदफा (६) को स्पष्टीकरण खण्ड (१) तथा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ को उपदफा (५) को स्पष्टिकरण खण्ड (१) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फारम भर्ने दिन भन्दा ३ महिना अगाडी सम्मको सिफारिशको आधारमा।

च) स्थायी बसोबास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको, निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) तथा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ को उपदफा (५) मा उल्लेख भएको जिल्लामा विवाह गरी वा बसाईँसराइ गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाईँसराइको हकमा छाडेको र गएको स्थानीय तह/निकायको बसाईँसराइ गरेको खुल्ने कागजात।

आ) खुलातर्फ दरखास्त दिन चाहने उम्मेदवारहरुको लागि आवश्यक अनुभव

(क) देहाय बमोजिमको निकायमा रही अधिकृत स्तरमा काम गरेको अनुभव सम्बन्धमा त्यस्तो पदको नियुक्तिपत्र वा करारनामा र सेवा अवधि प्रमाणित गरिएको सम्बन्धित निकायको पत्र।

(१) निजामती तथा अन्य सरकारी निकाय

(२) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा सञ्चालित सङ्गठित संस्था

(३) विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति

(४) ऐनद्वारा स्थापित संस्था वा निकाय

(५) संयुक्त राष्ट्र संघ, यसका अंग तथा विशिष्टिकृत निकाय
(६) अन्तरसरकारी अन्तर्राष्ट्रिय संगठनहरु
(७) विश्वविद्यालयको आंगिक क्याम्पस
(८) सामुदायिक विद्यालय वा क्याम्पस

(ख) खण्ड (क) मा उल्लेख भए बाहेक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्था लगायतका अन्य निकायको अनुभव पेश गरेकोमा नियुक्तिपत्र वा करारनामा र सेवा प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको अतिरिक्त त्यस्तो निकायमा अधिकृत स्तरका कर्मचारी भर्नाको प्रक्रिया, योग्यता, संगठन, संरचना लगायत कर्मचारीको सेवाका शर्त समेतका विषय समावेश गरिएको नियम वा विनियम वा निर्देशिका वा कार्यविधिमा भएको व्यवस्था बमोजिम अधिकृतस्तरमा भर्ना भएको यकिन हुने अनुभवलाई मात्र मान्यता दिइनेछ।

(ग) सरकारी कर्मचारीले अन्य सङ्गठित संस्थामा काम गरेको अनुभव पेश गरेमा नेपाल सरकारको पूर्व स्वीकृतिको पत्र तथा सो अवधिको विदा स्वीकृतिको पत्र भएमा मात्र त्यस्तो अनुभवलाई मान्यता दिइनेछ।

(घ) एउटै अवधिमा दुई वा सोभन्दा बढी निकायमा काम गरेको भएमा पुरा समय काम गरेको कुनै एकको अनुभव मात्र गणना गरिनेछ।

(ङ) नियुक्तिपत्र वा करारनामामा नै आंशिक रुपमा काम गर्ने उल्लेख भएकोमा सो अनुभवलाई मान्यता दिइने छैन।

(च) एकवर्ष भन्दा कम अवधिको अस्थायी वा करार सेवाको अनुभवलाई गणना गरिने छैन।

(छ) सहायक स्तरमा पदाधिकार रही अधिकृत स्तरमा कायम मुकायम वा निमित्त भई सेवा गरेको अनुभवलाई मान्यता दिइने छैन।

(ज) राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको जुन सेवा, समूहको पदमा आवेदन गर्ने हो सो सेवा, समूहको राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहको पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेपछिको अधिकृतस्तरको अनुभवलाई मात्र मान्यता प्रदान गरिनेछ।

(झ) नियुक्तिपत्र वा करारनामामा उल्लेखित पदनामबाट अधिकृत स्तर नखुलेकोमा सम्बन्धित निकायले सो पद अधिकृत स्तरको भनी प्रमाणित गरेको पत्र पेश गर्नुपर्नेछ।

(ञ) माथि उल्लेखित प्रमाण खुल्ने कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसुकै समय दरखास्त रद्द हुनेछ।

(ट) MBBS र MD उत्तीर्ण गरेका उम्मेदवारहरु दरखास्त दिने अन्तिम मिति सम्ममा अनिवार्य रुपमा नेपाल मेडिकल काउन्सिलमा दर्ता भई म्याद कायम रहेको हुनुपर्नेछ।

(ठ) MD (Doctor of Medicine) तथा DM (Doctorate of Medicine) Residental अध्ययन गर्दाको अवधिलाई समेत अनुभव अवधिका रुपमा गणना गरिनेछ।

इ) स्वास्थ्य सेवातर्फ दरखास्त दिने उम्मेदवारहरुका लागि विशेष सूचना

स्वास्थ्य सेवातर्फ नवौं तह (आ.प्र. तथा खुला) का प्रतियोगितात्मक परीक्षातर्फका पदहरुमा अनलाईन दरखास्त दिने उम्मेदवारहरुले आफूले दरखास्तमा उल्लेख गरेका कागजातहरुको प्रतिलिपि पेश गर्ने विषयको चेकलिष्ट लोक सेवा आयोगको वेवसाइट www.psc.gov.np को डाउनलोड मेनुबाट डाउनलोड गरी उक्त चेकलिष्टमा उल्लेखित कागजपत्रहरुको प्रतिलिपि एक/एक प्रति उम्मेदवार स्वयंले प्रमाणित गरी चेकलिष्टसमेत भरी फाइलमा संलग्न गरी दरखास्त दिने अन्तिम मितिको ७ (सात) दिन भित्र रुजु प्रयोजनका लागि दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर काठमाडौंमा अनिवार्य रुपमा बुझाउनु पर्नेछ। यसरी रुजु भएपछि सम्बन्धित पदका लागि योग्य ठहरिएका उम्मेदवारको मात्र दरखास्त स्वीकृत गरिनेछ।

द्रष्टव्य

(क) अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरुको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनुपर्नेछ।

(ख) दरखास्त दिने दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

(ग) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(घ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा १० (दश) दिन अगावै आयोगको सम्बन्धित कार्यालयमा सम्पर्क राखु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग वाध्य हुने छैन।

(ङ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनि उल्लेख गरिएका काजगातहरुको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(च) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सोही मिति भित्र सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको उपाधिको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ।

(छ) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(ज) परीक्षा प्रयोजनका लागि आयोगबाट तोकिएका शर्त र निर्देशनको उम्मेदवारले पालना गर्नुपर्नेछ।

(झ) पाठ्यक्रममा उल्लेखित परीक्षा योजनाको विषयमा उम्मेदवार स्वयं जानकार हुनुपर्नेछ।

(ञ) पाठ्यक्रम आयोगको वेवसाइट www.psc.gov.np बाट प्राप्त गर्न सकिनेछ।

www.psc.gov.np